१६६

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**

**सूचना आयुक्त किरणकुमार पोखरेल**

**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. १२४/२०७१/०७२**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ..............................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख (सचिव), शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं .............१ विपक्षी

सूचना अधिकारी, शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं........................१

**विषय :- माग अनुसारको सूचना उपलब्ध गराउनू ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने नोदनाथ त्रिताल समेतले शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।०१ मा माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी आदेश गरेकोमा शान्ति तथा पुनः निर्माण मन्त्रालयले प्रकाशन तथा प्रसारण गर्ने समेत प्रयोजन रहेको भनी सूचना उपलब्ध गराउन नसकिने भन्ने निर्णय गरी जानकारी गराएकोले पुनरावेदकले सूचना नदिने निर्णय बदर गराई पूर्ण सूचना उपलब्ध गराई पाउँ भनी आयोग समक्ष मिति २०७१।१०।२९ र २०७१।१२।२३ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

पुनरावेदकले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (१) बमोजिम कारण खोल्नुपर्ने व्यवस्था बमोजिम तहाँ मन्त्रालयका सूचना अधिकारीलाई दिएको निवेदनमा अध्ययन, प्रकाशन र प्रशारण प्रयोजनको लागि सूचना माग गरेको देखिएतापनि कार्यालय प्रमुख र यस आयोगमा दिएको पुनरावेदनमा अध्ययन प्रयोजनका लागि सूचना उपलब्ध गराई पाउँ भनी निवेदन तथा पुनरावेदन गरेको देखिन्छ । तर यस सम्वन्धमा तहाँ मन्त्रालयको च.नं.१४२ मिति २०७१।०९।२७ को पत्रबाट "निवेदकले माग गरेको सूचना अध्ययन प्रयोजनमात्र नभई प्रकाशन तथा प्रसारण गर्ने समेत प्रयोजन रहेको र सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको विषयभित्र प्रस्तुत माग निवेदन नपरेको भएतापनि सूचना माग गर्नुको कारणमा अध्ययनको अतिरिक्त प्रकाशन र प्रशारण गर्नुभन्ने समेत उल्लेख भएको र ऐनले परिभाषा गरेको सूचनाको हकभित्र प्रकाशन र प्रशारण गर्ने कार्य नसमेटिएको हुनाले माग अनुसारको सूचना उपलब्ध गराउन कानून सम्मत नहुने व्यहोरा निवेदकलाई सूचना अधिकारीबाटै जानकरी दिने" भनी निर्णय भएको देखिन आयो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यवस्था एवं भावनाको विश्लेषण गर्दा र निवेदकले माग गरेको सूचनाको प्रकृति उपर विवेचना गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँचको प्रत्याभूति गरेकोले निवेदकले निवेदनमा प्रशारणको प्रयोजनले सूचना माग गरेकै कारणले नै सूचना दिने नदिने कुराको निर्धारण गर्न सक्ने विषय होइन । कानून बमोजिम दिनुपर्ने सूचना दिनू नै पर्ने संबैधानिक र कानूनी व्यवस्थाको आधारमा तहाँ मन्त्रालयको निर्णयसँग आयोग सहमत हुन सकेन । यसर्थ यस आयोगबाट मिति २०७१।०९।०१ मा भएको आदेश बमोजिम नै पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौंका कार्यालय प्रमुख (सचिव) र सूचना अधिकारीको नाममा पुनः यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।